का.जि.प्र.का.द.नं. १००/०५९/६०
१६ साउन २०८१,
बुधबार
31 July 2024,
Wednesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २२, अंक १६९ । पृष्ठ ८
Madhyanha National Daily
www.madhyanhadaily.com

# रफ्तारमा प्रधानमन्त्री



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १५ साउन ।

आफू नेतृत्वको सरकारले लिने प्राथमिकता र कार्यक्रमबारे प्रधानमन्त्री केपी शर्मा ओलीले मंगलबार सबै मन्त्रालयका सचिवहरुलाई निर्देशन दिएका छन् । मन्त्रीहरु समेत राखेर प्रधानमन्त्री ओलीले सेवा प्रवाहमा चुस्तता, विकास निर्माणमा रफ्तार र सशासनमा खरो उत्रन निर्देशन दिएका छन् ।

यी सचिवहरुको सरुवा सोमबार मात्र भएको थियो । शुक्रबार सचिवहरुको ब्रिफिङ लिएका प्रधानमन्त्री ओलीले निर्देशन दिनु अगाडि सचिवहरुको व्यापक सरुवा गर्ने निर्णय गरेका थिए । आइतबार सचिवहरुको सरुवाका कारणले परिस्थिति कस्तो बनेको थियो भने एउटा मन्त्रालयको सचिव बनेर ब्रिफिङ गरेका सचिवले अर्को मन्त्रालयको जिम्मेवारी सहित निर्देशन लिए ।

प्रधानमन्त्री ओलीको सचिवालयले भने फास्ट ट्र्याकमा काम गर्नुपर्ने भएकाले यस्तो अवस्था आएको बताएका छन् । हुनपनि

> प्रधानमन्त्री केपी शर्मा ओलीले भटाभट राजनीतिक निर्णयहरु गरेर फास्ट ट्र्याकबाट अगाडि बढ्ने प्रष्ट संकेत दिएका छन् । फास्ट ट्र्याकमा अगाडि बढ्ने क्रममा नयाँ राजनीतिक नेतृत्वबमोजिम कर्मचारी संयन्त्रसमेत बनाइसकेका छन् ।

प्रधानमन्त्री नियुक्त भए यताका घटनाक्रमले ओली हतारमा लगातार राजनीतिक निर्णयहरु गरिरहेको देखाउँछ ।

आइतबारको मन्त्रिपरिषद् बैठकबाट मात्र तीन ठूला निर्णय भएको थियो । १८ देशमा राजदूत सिफारिस, तीन प्रदेश प्रमुख हेरफेर र २१ सचिवको सरुवा भएको थियो । सामान्यतया: यी तीन निर्णय लिन विगतका सरकारलाई केही महिना नै लाग्ने गरेको थियो । अलगअलग मन्त्रिपरिषद् बैठकबाट फरकफरक विषयमा निर्णय हुने प्रवृत्ति हुँदा यी तीन निर्णय एकैपटक नहुन पनि सक्थ्यो । अझ भएको राजदूत फिर्ता, सत्ता साझेदारहरुसँग छलफल अनि नयाँ सिफारिस गर्दा समय लाग्ने हुन्थ्यो । यद्यपि सरकार फेरिनासाथ राजदूत परिवर्तनको निर्णयको आलोचना हुने गरेको छ ।

किनकि सरकार छोड्ने दलबाट सिफारिस भएकाहरुलाई हटाएर नयाँ सत्ता

पृष्ठ २ मा

# एकैपटक ९१ न्यायाधीश सरुवा

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ साउन ।

एकैपटक ९१ न्यायाधीश सरुवा भएका छन् । न्याय परिषद्ले मंगलबार एकै पटक ठुलो मात्रामा न्यायाधीशहरूको सरुवा गरेको हो ।

सरकारी अधिकारीहरूका अनुसार न्याय परिषद्को बैठकले एकै पटक ९१ जना न्यायाधीशको सरुवा गरेको पहिलो पटक हो ।

प्रधान न्यायाधीश विश्वभरप्रसाद श्रेष्ठको नेतृत्वमा बसेको परिषद्को बैठकले उच्च अदालतका २६ र जिल्ला अदालतका ६५ जना न्यायाधीशको सरुवा गरेको हो ।

न्याय परिषद्का सचिव यमबहादुर बुढामगरका अनुसार मंगलबार बसेको न्याय सेवा आयोगको बैठकले २ सचिवको सरुवा र २ जनालाई सचिव बढुवा गर्ने निर्णय गरेको थियो । सर्वोच्च, उच्च र जिल्ला अदालतका न्यायाधीशहरूको नियुक्तिसम्बन्धी एजेण्डा पनि छलफलमा रहेको

पृष्ठ २ मा

# एक्लै चुनाव लड्ने माओवादीको घोषणा

दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेले आगामी चुनावमा गठबन्धन नगर्ने प्रतिबद्धता जनाइरहेका बेला तेस्रो ठूलो दल माओवादी केन्द्रले पनि एक्लै चुनाव लड्ने घोषणा गरेको हो ।

**शिव विक/मध्यान्ह**
काठमाडौं, १५ साउन ।



प्रमुख प्रतिपक्षी नेकपा माओवादी केन्द्रले आगामी चुनाव एक्लै चुनाव लड्ने घोषणा गरेको छ ।

दुई ठूला दल नेपाली कांग्रेस र नेकपा एमालेले आगामी चुनावमा गठबन्धन नगर्ने प्रतिवद्धता जनाइरहेका बेला तेस्रो ठूलो दल माओवादी केन्द्रल पनि एक्लै चुनाव लड्ने माओवादीको घोषणा गरेको हो ।

यसअघि माओवादीले कहिले एमालेसित त कहिले कांग्रेससित मिलेर स्थानीय तह, प्रदेश र संघीय संसदको चुनाव लडेको छ । माओवादी कांग्रेस र एमालेसित मिलेर लामो समयदेखि सरकारमा पनि रहँदै आएको पार्टी हो ।

अहिले कांग्रेस र एमाले नै मिलेर सरकार बनाएपछि माओवादी प्रमुख प्रतिपक्षी भूमिकामा पुगेको छ । यो अवस्थामा बसको माओवादी केन्द्रको पदाधिकारी बैठकले आगामी चुनाव एक्लै लड्ने गरी अगाडि बढ्ने घोषणा गरेको हो ।

मंगलबार सम्पन्न पदाधिकारी बैठकमा पार्टी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले आगामी निर्वाचन एक्लै लड्ने बताएका थिए । २०८४ मा हुने आमनिर्वाचन एक्लै लडेर जित्ने र भ्रष्टहरूलाई पुनः बढार्ने उनको भनाइ छ । प्रचण्डले भनेका छन्, '२०८४ को चुनाव एक्लै लड्ने र जित्ने योजनाका साथ अगाडि बढ्ने योजना बनाएका छौं ।'

प्रचण्डले विगत १८ महिना सरकारको नेतृत्वमा रहँदा आफूले सुशासन, सामाजिक न्यायका पक्षमा अहोरात्र काम गरेको दाबी गरेका छन् । यसलाई जनतामा लिएर जाने उनको योजना छ ।

प्रचण्डले अब आफू देशभर जनतामाझ जाने पनि बताएका छन् । जनसम्बन्ध विस्तार गर्ने लक्ष्यका साथ आफू जनतामाझ जान लागेको उनको भनाइ छ ।

संगठन विस्तार गर्ने, पार्टी नेता तथा तल्ला तहका कार्यकर्ताको भावना बुझ्ने र पार्टीलाई नयाँ आधारमा रूपान्तरण गर्ने लक्ष्यका साथ आफू देशभर विशेष कार्यक्रम लिएर जाने योजनामा रहेको अध्यक्ष प्रचण्डले पदाधिकारी बैठकमै बताएका हुन् ।



> माओवादी केन्द्रले कुनै दलसँग गठनबन्धन नगरी आगामी निर्वाचनमा सहभागी हुने नीति लिने भएता पनि कम्युनिष्ट र बृहत् वामपन्थी एकताको लक्ष्यलाई भने छाड्ने छैन ।
>
> **अग्नि सापकोटा**
> **उपाध्यक्ष, माओवादी केन्द्र**

पार्टी प्रवक्ता एवं उपाध्यक्ष अग्नि सापकोटाका अनुसार सरकारमा रहँदा जनतासँग पार्टीको सम्बन्ध टुटेको भन्ने नेताहरूको भनाइपछि अध्यक्ष प्रचण्डले नयाँ आधारमा जनसम्बन्ध विस्तार गर्ने लक्ष्यका साथ आफू र पार्टीका शीर्ष नेता देशभर जानैपर्ने बताएका हुन् ।

सापकोटाका अनुसार 'आगामी माओवादी केन्द्रले कुनै दलसँग गठनबन्धन नगरी आगामी निर्वाचनमा सहभागी हुने नीति लिने भएतापनि कम्युनिष्ट र बृहत् वामपन्थी एकताको लक्ष्यलाई भने छाड्ने छैन ।'

सरकारमा रहँदा सुशासन र सामाजिक न्यायका पक्षमा सञ्चालन गरेको कामलाई जनतामाझ लैजाने र भ्रष्टाचार नियन्त्रणका सन्दर्भमा सञ्चालित अभियानलाई निरन्तरता दिन सरकारलाई जनस्तरबाट दबाव दिने निष्कर्षसमेत बैठकले निकालेको छ ।

सापकोटाका अनुसार संघीय संसदमा प्रभावकारी रूपमा प्रमुख प्रतिपक्षीको भूमिका निर्वाह गर्ने, त्यसका लागि जनताका दैनिक समस्यालाई प्रभावकारी रूपमा राख्ने र समाधानका लागि सरकारलाई दबाब दिने योजना माओवादी केन्द्रले बनाएको छ ।

आफूहरूलाई जनतामा जाने सुवर्ण अवसर प्राप्त भएको निष्कर्ष निकाल्दै माओवादी केन्द्रले आगामी केन्द्रीय समितिको बैठकपछि पार्टीको शीर्ष नेतृत्व नै देश दौडाहामा लाग्ने पनि बताएको छ ।

## वैदेशिक रोजगार विशेष

# इजाजतपत्र नवीकरणको बाटो नखुलेपछि व्यवसायीले दिए संघलाई दबाब

**मध्यान्ह संवाददाता**
काठमाडौं, १५ साउन

कारोबार बन्द भएको दुई हप्ता गुज्रिदासमेत इजाजतपत्र नवीकरण हुने अवस्था नदेखिएको भन्दै वार्षिक सय जना कामदार पठाउन नपाएका वैदेशिक रोजगार व्यवसायी निराश र आक्रोशित देखिन थालेका छन् ।

गत वर्ष २ सय ५९ व्यवसायीले आर्थिक वर्षभरिमा सय जना कामदार पठाउन नपाएका कारण उनीहरूको वैदेशिक रोजगार विभागको प्रणालीमा कारोबार बन्द 'एलटी' रोकिएको छ । त्यसमध्ये मंगलबार एक सय पचासभन्दा बढी वैदेशिक रोजगार व्यवसायीले सिनामंगलस्थित नेपाल वैदेशिक रोजगार व्यवसायी संघको कार्यालय घेराउ गरेका छन् ।

उनीहरुले यसअघि नै सरकारले वार्षिक सय जना कामदार पठाउनुपर्ने प्रावधान खारेजीका लागि वैदेशिक रोजगार ऐन २०६४ मा संशोधन विधेयक संसदमा पठाएको अवस्थामा मन्त्रिपरिषद्ले बाधा अड्काउ फुकाइ सहजरूपमा व्यवसाय गर्ने वातावरण नबनाएको भन्दै आक्रोश व्यक्त गरेका थिए ।

इजाजत नवीकरणको प्रबन्ध नगरेर सरकारले व्यवसायीले जानाजान सय जना नपठाएको जस्तो ब्याख्या गरेर समस्या सिर्जना गरेको उनीहरूको गुनासो छ । दुई करोड लगानी गरेका व्यवसायीलाई संघ, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले संरक्षण गर्नुपर्नेमा समस्या समाधानका लागि अनावश्यक ढिलासुस्ती भएको भन्दै सरकारलाई दबाब दिन उनीहरूले संघलाई दबाब दिएका हुन् ।

यसअघि श्रममन्त्री शरतसिंह भण्डारीले वार्षिक सय जना कामदार पठाउन नपाएका म्यानपावर कम्पनीको नवीकरण गर्ने विषयमा आफू नैतिक बन्धकमा रहेको बताइसकेका छन् । एक हप्ताअघि संघ तथा विभिन्न राजनीतिक दल निकट घटक संसथाहरुले आयोजना गरेको संयुक्त शुभकामना तथा बधाई कार्यक्रममा मन्त्री भण्डारीले गत वर्ष वार्षिक सय जना कामदार पठाउन नसकेका म्यानपावर व्यवसायीको इजाजत नवीकरण गर्न वैदेशिक रोजगार ऐन २०६४ को दफा ८२ अन्तर्गत बाधा अड्काउ फुकाउने प्रस्ताव मन्त्रिपरिषद्मा लगेर उनीहरूको इजाजत नवीकरण हुने व्यवस्था गरेको अवस्थामा यस वर्ष हुँदैन भन्न सक्ने अवस्थामा आफू नरहेको बताएका थिए ।

मन्त्री भण्डारीको उक्त भनाइपछि अधिकांश व्यवसायीले सोमबारको मन्त्रिपरिषद् बैठकले बाधा अड्काउ फुकाउ आदेश जारी गर्ने अपेक्षा गरेको, तर मन्त्रिपरिषद्ले सोअनुसार कुनैपनि आदेश जारी नगरेका कारण निराश बनेको बताएका छन् ।

## ४२ वटा अभिमुखीकरण संस्था निलम्बित

काठमाडौं/मस- वैदेशिक रोजगार विभागले तीन दर्जनभन्दा बढी अभिमुखीकरण संस्थालाई निलम्बन गरेको छ । पटक-पटकको आग्रहपछि पनि वैदेशिक रोजगारीमा जाने कामदारको तालिम सञ्चालन गर्ने अभिमुखीकरण तालिम दिने संस्थाले सुधार नगरेको भन्दै ४२ वटा संस्थालाई निलम्बन गरिएको विभागका निर्देशक तथा सूचना अधिकारी गुरुदत्त बरालले जानकारी दिए ।

विभागले उक्त सूचना आधिकारिक माध्यमबाट सार्वजनिक गरेको छैन । तर निलम्बन गरिएका संस्थालाई व्यक्तिगतरूपमा पत्र पठाएको छ । वैदेशिक रोजगारमा जानेलाई कक्षामा राखेर तोकिएअनुसार विद्युती प्रणाली बायोमेट्रिक हाजिरी गराउनुपर्नेमा लापरबाही गरी हाजिरी नगराएको अनुगमनका क्रममा देखिएका कारण उनीहरूलाई स्पष्टीकरण सोधेर जवाफ चित्तबुझ्दो नआएका कारण निलम्बन गरिएको पनि निर्देशक बरालले बताए ।

यसअघि लापरबाही गरे कारबाही गर्ने चेतावनीसहित ७ बुँदे निर्देशन दिएको भएपनि राजधानी र राजधानी बाहिरका केही संस्थाले वैदेशिक रोजगारीमा जानेलाई उपस्थिति नै नगराइ हाजिरीमा अर्कै व्यक्तिको औंठाछाप प्रयोग गरेको देखिएको पनि उनले दाबी गरे ।

# निरोगी नेपाली अभियान निरन्तर

## बीमाबाट उपचार खर्च गराउने सरकारको प्रतिबद्धता



> कतिपय प्रदेश र स्थानीय तहले फरक–फरक ढंगले काम गरिरहेका छन्, यसरी स्वास्थ्य क्षेत्र सुधार हुँदैन । तीन तहको समन्वयबाट मात्र स्वास्थ्य क्षेत्रको सुधार गर्न सकिन्छ । त्यसैले समन्वयका साथ एकीकृत रूपमा अगाडि बढ्नुपर्छ ।
>
> **प्रदीप पौडेल**
> **स्वास्थ्य तथा जनसंख्यामन्त्री**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १५ साउन ।

निरोगी नेपाली अभियान निरन्तरता पाउने भएको छ । विगतमा चल्दै आएको यो कार्यक्रम सरकार फेरिँदा र तीन तहको सरकारका बीचमा समन्वय नहुँदा प्रभावकारी रुपमा कार्यान्वयन हुन सकिरहको छैन ।

यो बेला सरकारले निरोगी नेपाली अभियान निरन्तर चलाउने र यस अन्तर्गत स्वास्थ्य बीमाबाट नागरिकको उपचार खर्च गराउने प्रतिबद्धता जनाएको हो ।

स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल निरोगी नेपाली अभियान पूरा गर्न सरकार प्रतिबद्ध रहेको बताउँछन् ।

स्वास्थ्य क्षेत्र सुधारका लागि संघ, प्रदेश र स्थानीय तहबीच समन्वय आवश्यक रहेकोमा उनको जोड छ ।

मंगलबार मन्त्रालयमा स्वास्थ्य पत्रकार मञ्च नेपालसँगको भेटघाटमा स्वास्थ्यमन्त्री पौडेलले एकीकृत ढंगबाट स्वास्थ्य प्रणालीको विकास हुनुपर्नेमा जोड दिए ।

'कतिपय प्रदेश र स्थानीय तहले फरक–फरक ढंगले काम गरिरहेका छन्, यसरी स्वास्थ्य क्षेत्र सुधार हुँदैन । तीन तहको समन्वयबाट मात्र स्वास्थ्य क्षेत्रको सुधार गर्न सकिन्छ । त्यसैले समन्वयका साथ एकीकृत रूपमा अगाढि बढ्नुपर्छ,' उनले भने ।

आधारभूत स्वास्थ्यलाई निःशुल्क गराउनतर्फ आफ्नो ध्यान केन्द्रित भएको उनको भनाइ छ । मन्त्री पौडेलले अन्य रोगको उपचारको स्वास्थ्य बीमाबाट गर्ने गरी सबैलाई यसको दायरामा लाइने प्रतिबद्धता व्यक्त गरेका हुन् ।

स्वास्थ्य सेवाको सुधार मन्त्रालयले मात्र गर्न नसक्ने भएकाले सबैको सहयोग आवश्यक रहेकोमा उनको जोड थियो ।

मन्त्री पौडेलका अनुसार आधार भूत स्वास्थ निःशुल्क गर्न र अन्य रोगको उपचार बीमाको दायरामा ल्याउनुपर्ने आवश्यकता छ । यसका अतिरिक्त स्वास्थ्य सेवा प्रभावकारी बनाउन र दक्ष जनशक्तिको प्रयोग कसरी गर्न सकिन्छ भनेर लागिरहेको छु । यसमा सबैको सहयोग आवश्यक छ । हरेक नागरिकले आधारभूत स्वास्थ्य सेवा निःशुल्क

पृष्ठ २ मा

# गुणस्तरीय शिक्षामा केन्द्रित हुन त्रिविलाई प्रधानमन्त्रीको निर्देशन

**काठमाडौं/मस–** प्रधानमन्त्री केपी शर्मा ओलीले त्रिभुवन विश्वविद्यालयको पुन:संरचना र पाठ्यक्रममा समयानुकूल परिमार्जन गर्दै उच्च शिक्षाका लागि देशमा नै अवसर प्रदान गर्नुपर्ने बताएका छन् ।

विश्वविद्यालयको मंगलबार भएको सिनेट बैठकमा प्रधानमन्त्री ओलीले समयको मागअनुसार अध्ययन-अध्यापनलाई अनुसन्धानमूलक एवम् प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिए। उनले ठूलो संख्यामा विद्यार्थी विदेशिने क्रमलाई रोक्न स्वदेशमा नै गुणस्तरीय शिक्षामा आफूलाई केन्द्रित गर्न विश्वविद्यालयका पदाधिकारीहरुलाई आग्रह गरे ।



प्रधानमन्त्री ओलीले विश्वविद्यालयमा विगतमा सेवा आयोगबाट लिइएका परीक्षाको नतिजा प्रकाशन, शिक्षक कर्मचारीको रिक्त दरबन्दीमा नयाँ भर्नाका लागि विज्ञापन गरी जनशक्ति अभाव पूर्ति, विश्वविद्यालय सेवामा प्रवेश गरिसकेका जनशक्तिलाई क्षमता अभिवृद्धि र अनुसन्धानका अवसर प्रदान गर्दै उनीहरुलाई सेवामा कायम राख्नु अहिलेको आवश्यकता भएको बताए ।

ओलीले विश्वविद्यालयका नीतिगत र दीर्घकालीन महत्वका विषयमा आवश्यक गृहकार्य गरी चाँडै अर्को सिनेट बैठक गरेर निचोडमा पुगिने विश्वास व्यक्त गरे । चाँडै अर्को बैठक गरेर नीतिगत विषयमा छलफल गर्ने प्रधानमन्त्रीको उद्घोषलाई सभाका विद्यार्थी प्रतिनिधिले सकारात्मक रुपमा लिएका थिए ।

सिनेट बैठकमा सदस्यले बेरुजुका सम्बन्धमा उठाएको प्रश्नमा प्रधानमन्त्री ओलीले विगतदेखि नै बेरुजु घट्न नसकेकाले २८ अर्ब बेरुजु देखिएको सम्परीक्षण गराइएपछि त्यो रकम घट्ने विश्वास व्यक्त गरे ।

त्यसमा देखिएका जटिलताका विषयमा बनाउनुपर्ने कानुन निर्माणबारे संसदमा छलफल हुने उनले बताए । प्रधानमन्त्री ओलीले सरकारबाट प्राप्त हुने रकमलाई विश्वविद्यालय अनुदान आयोगबाट विश्वविद्यालयलाई वितरण हुने भएकाले अनुसन्धानका लागि हाल निर्धारित रकममा कटौती नहुने स्पष्ट गरे ।

विश्वविद्यालयमा समावेशिता, सहभागिताका आधारमा परिणाम निकाल्न सक्नेगरी निर्णय हुनुपर्ने प्रधानमन्त्रीले निर्देशन दिए । प्रधानमन्त्री ओलीले प्राध्यापकको मर्यादा निर्धारण र भूकम्पबाट क्षति भएका क्याम्पसका भवन निर्माणमा तदारुकतासाथ काम गर्न आग्रह गरे। उनले विश्वविद्यालयको कुलपति प्रधानमन्त्री रहने कानुनी व्यवस्था नै उपयुक्त हुने तर सभाले नराख्ने निर्णय गरेमा त्यो आफूलाई मान्य हुने बताए ।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री एवम् सहकुलपति विद्या भट्टराई सहभागी बैठकमा प्रस्तुत विभिन्न संकायबाट ६२ औँ ग्रेसलिष्टमा समाविष्ट ७३ हजार नौ सय ९५ विद्यार्थीलाई उपाधिका लागि अनुमति दिएको छ। चालु आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम र बजेट पनि पारित भएको छ ।

**त्रिविले ल्यायो २६ अर्बको बजेट**

त्रिभुवन विश्वविद्यालय सभाले बजेट पेस गरेको छ । त्रिविले शैक्षिक सत्र २०८१/८२ को लागि २६ अर्बभन्दा बढीको बजेट पेस गरेको हो ।

मंगलबारको सभामा त्रिवि रजिस्ट्रार प्रा. डा. केदारप्रसाद रिजालले २६ अर्ब १६ करोड ८७ लाखको बजेट पेस गरे । त्रिविले नियमित कार्यक्रमतर्फ चालु र पुँजीगत गरी १३ अर्ब ७१ करोड ९७ लाख ८७ हजार खर्च हुने जनाएको छ । आन्तरिकतर्फ चालु तथा पुँजीगत गरी ११ अर्ब ३९ करोड ८९ लाख र विकास कार्यक्रममा १ अर्ब खर्च हुने जनाएको छ।

सभाले नियमित कार्यक्रममा हुने कुल खर्चमध्ये आन्तरिक आम्दानीबाट १ अर्ब ५७ करोड ६१ लाख ७० हजार बेहोर्ने र बाँकी १२ अर्ब १४ करोड ३६ लाख विश्वविद्यालय अनुदान आयोगमार्फत नेपाल सरकारसँग अनुदान माग गर्ने जनाएको छ ।

# संटकमा जुध्न सक्ने बन्न अध्यक्ष नेपालको सुझाव




**लेखनाथ सिकारु/मध्यान्ह**
काठमाडौं, १५ साउन

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले एसईई पास भएका विद्यार्थीहरूलाई संटकमा जुध्न सक्ने बन्न सुझाव दिएका छन् ।

अनेरास्ववियू जिल्ला कमिटी काठमाडौंले आयोजना गरेको विद्यार्थी सम्मान कार्यक्रममा बोल्दै पूर्व प्रधानमन्त्री समेत रहेका अध्यक्ष नेपालले भने, 'किताब पढेजस्तो गर्ने, बाआमा नभएको बेलामा मोबाइल चलाएर बस्ने गर्नु भएन । बाआमालाई ठग्ने काम गर्नु हुँदैन । राम्रोसँग पढ्नुपर्छ । परिवार संटकमा छ भने त्यो संटकको साथी बन्नुपर्छ । आमा बुबाले हामीलाई जन्माउनु भयो । हुर्काउनुभयो । आज बाआमालाई पर्दा हामीले साथ दिनुपर्छ भन्ने भावना हुनुपर्छ । बाआमालाई परेको संटकको साथी बन्नुपर्छ ।'

उनले थपे, 'बाआमाको गुन र गुरूहरूले देखाएको बाटोलाई कहिल्यै भुल्नु हुँदैन। बा आमा र गुरूलाई सम्मान गर्न कहिल्यै नछोड्नुहोस् । तपाईंलाई जति ज्ञान दिएका छन्, त्यो ज्ञान गुरूले नै दिएका हुन् । कहिल्यै घमण्ड नगर्नुहोस् । घमण्डको घैटो फुट्यो भन्ने आफैलाई हानि गर्छ। त्यसो हुनाले विनम्र बन्नुहोस् । जति जान्ने भएपनि, जति पढेपनि, जति सफलता प्राप्त गरेपनि घमण्डको घोडामा सयर गर्नुहुन्न । आफूले मान्नुपर्ने मान्छेलाई सम्मान गर्नुहोस् र आफूभन्दा सानालाई माया गर्नुहोस् ।'

अध्यक्ष नेपालले पाठ्यक्रममा देशभक्तिको पाठ्यक्रम हुनुपर्ने भन्दै भने, 'संसारको जुनै कुनामा पुगेपनि म त नेपाली हुँ भन्ने भावना जागृति गरोस् । देशको माया गरोस् । यस्तो खालेको देशभक्तिपूर्ण पाठ्यक्रम निर्माण गर्नुपर्छ ।'

उनले पाठ्यक्रमले देशभक्ति, इतिहास र गौरव गाथाको बारेमा समेट्नुपर्ने बताए ।

संस्कार बानी व्यहोरा र आचरणले जीवन यापनमा समेत सहयोग मिल्ने भन्दै अध्यक्ष नेपालले परिवार र देशले गौरवबोध गर्ने अवस्था सृजना गर्न आग्रह गरे ।

कार्यक्रममा अनेरास्ववियूका पूर्व अध्यक्ष तथा नेकपा (एकीकृत समाजवादी) का पूर्व सचिव राजेन्द्र राई, अनेराववियूका महासचिव महेश श्रेष्ठ, नेताहरू यशु लामा, कल्याण दाहाललगायतको उपस्थिति रहेको थियो ।

# खोला बस्तीमा पस्दा भक्तपुरमा ३० घर डुबानमा



**भक्तपुर/मस-** भक्तपुर सूर्यविनायक नगरपालिका ५ दधिकोटस्थित गडेधारा टोलका करिब ३० घर डुबानमा परेका छन् । सोमबार राति परेको भीषण वर्षाका कारण स्थानीय ढुंगेखोलामा आएको बाढी बस्तीमा पसेको हो । बाढीबाट ३० लाखभन्दा बढी क्षति भएको छ । मध्यरातिदेखि बस्तीमा पानी पसेपछि अधिकांश घरको भुइँतलाभित्र पसेको पानी चार फिटसम्म पुगेपछि मध्यराति धेरैको बिचल्ली भएको थियो ।

घरको भुइँतलाका भान्सादेखि शयन कक्षसमेतमा पानी पसेपछि लत्ताकपडा, खाद्यान्न, ओछ्यान र इलेक्ट्रिक सामानमा क्षति पुगेको छ। साथै टोलमा रहेको नौवटा गाडी र २० भन्दा बढी मोटरसाइलसमेत पूरै डुबेर क्षति पुगेको छ। स्थानीय समाजसेवी अनिता पाण्डेले खोलाको बाढी बस्तीमा पस्दा करिब ३० घरका सामानमा क्षति पुगेको बताइन्। उनले घरमा रहेका गाडी, मोटरसाइकल र अन्य समानहरुमा क्षति पुगेको तथा लाखौंको क्षति पुगेको बताइन् ।

स्थानीय कला थापाले परिवार मध्यराति कोठामा पानी परेर झ्यालको उचाइसम्म पुगेपछि सानो बच्चा च्यापेर कौशीमा गएर बस्नु परेको बताइन् ।

यस क्षेत्रमा बस्ती बढेको र खोला साँघुरिएपछि हरेक वर्ष पानी बस्तीमा पस्ने गरे पनि यस वर्ष धेरै पानी पसेर पहिलोपटक धेरै क्षति पुर्याएको हो । कतिपयलाई खाने र राति सुत्ने सामानको समेत अभाव भएको छ ।

स्थानीय वडा कार्यालयका केही जनप्रतिनिधि र केही नेता आज बिहान आएर अवस्थाको निरीक्षण गरेर गए पनि स्थानीय भने खोलामा करिडोर निर्माण नगरिदिँदा समस्या आएको भन्दै आक्रोशित बनेका थिए। पाण्डेले स्थानीयले खोलामा करिडोर बनाउन वर्षौंदेखि माग गरे पनि जनप्रतिनिधिले चासो नदिएको भन्दै स्थानीय आक्रोशित बनेको बताइन्। खोलामा जमेको माटो हटाएर सम्भावित जोखिम कम गर्ने भनिए पनि तीन तहकै सरकारले दीर्घकालीन समाधानको उपाय अवलम्बन गर्नुपर्ने उनले बताइन् ।

# चट्याङले एक सय भेडा मरे



**जुम्ला/मस–** जुम्लाको तिला गाउँपालिकास्थित देउली पाटनमा चट्याङले करिब एक सय भेडा मरेका छन् । पालिका वडा नं ६ र ९ मा पर्ने देउली पाटनमा चट्याङ लागेर मंगलबार तिला-७ का पोखीका नौ जना किसानका एक सय भेडा मरेको तिला गाउँपालिकाका अध्यक्ष मोतिलाल रोकायाले बताए ।

चट्याङबाट भेडापालक किसान भीमबहादुर रोकाया, लालसिंह रोकाया, कालीबहादुर रोकाया, वीरबहादुर रोकाया, बलबहादुर रोकाया, कालीबहादुर बोहोरा, नैने बुढा र रामबहादुर रोकायाका भेडा मरेको हो ।

चट्याङमा परी तिला-७ का अन्दाजी ५५ वर्षीय लालसिंह रोकाया सामान्य घाइते भएका छन् । अध्यक्ष रोकायाका अनुसार मरेका भेडाको बीमासमेत नगरिएकाले किसानलाई निकै ठूलो आर्थिक क्षति भएको छ । अब पालिकाको विपद् व्यवस्थापन समिति बैठकबाट राहतका लागि आवश्यक निर्णय गर्ने अध्यक्ष रोकायाले बताए ।

## रफ्तारमा...

साझेदारका तर्फबाट राजदूत र प्रदेश प्रमुख नियुक्त हुने गरेको छ । सचिवहरुको सरुवालाई भने स्वभाविक मानिन्छ । किनकि सम्बन्धित मन्त्रीले अनुकुल सचिव लिएर चलाउने नजीर रहिआएको छ ।

यी तीन निर्णय बाहेक पनि ओलीले फटाफट निर्णय गरेको देखिन्छ । १७ असारमा नेपाली कांग्रेसको समर्थनमा प्रधानमन्त्री बन्ने सहमति गरेका ओलीले आफूले शपथ लिइरहँदा बाँकी मन्त्रीहरुको समेत शपथ भएको थियो । राष्ट्रपति कार्यालयबाट नियुक्ति पाउनु अघि नै सत्ता साझेदारहरुबीच मन्त्रालय भागबण्डा टुंग्याएका थिए ।

त्यसैले ३१ असारमा ओलीले आफूसँगै २१ जना मन्त्रीको पनि शपथ र पदभार ग्रहण गराएका थिए । एकैदिन मन्त्रिपरिषद्लाई पूर्णता दिएका ओलीले एक हप्ताभित्रै ६ साउनमै विश्वासको मत लिए । भोलिपल्ट सांसदसँग प्रश्नोत्तर कार्यक्रममा सहभागी भए ।

प्रदेश सरकारहरुको भागबण्डा टुंग्याएका ओलीले केही दिन अगाडि मुख्यसचिव नियुक्त गरेका थिए । यसअघि कामचलाउ चलिरहेको मुख्यसचिवमा पहिलो महिलाका रुपमा लीलादेवी गड्तौलालाई नियुक्त गरे। आफ्नो सचिवालयदेखि मन्त्रीहरुको सचिवालयलाई पनि धेरै नलम्ब्याउन निर्देशन दिएका छन् । यसलाई ओलीले जनतामा विश्वास दिलाउने प्रयत्न भनेका छन् । संघमा मात्र नभएर प्रदेश सरकार बनाउने कुरामा पनि ओलीले अलमल गरिरहेका छैनन्। अवस्था कस्तोसम्म भने एमालेबाट जाने मन्त्रीहरु टुंगिसक्दा बागमतीका मुख्यमन्त्री बहादुरसिं लामाले कांग्रेसकै मन्त्रीहरु टुंग्याउन सकेका थिएनन् । कांग्रेस नेतृत्वको अरु प्रदेश सरकारमा पनि एमालेबाट मन्त्री जानेमा अलमल छैन । बरु कांग्रेसभित्रै अन्तरसंघर्षका कारणले सरकार गठनमा ढिलाइ हुने गरेको देखिन्छ ।

## एकैपटक...

थियो। मंगलबार न्यायाधीशहरूको सरुवाको एजेण्डामा धेरै छलफल भएकाले नयाँ सिफारिस हुन नसकेको बताइएको छ । अर्को बैठकले अन्य न्यायाधीशहरूको सिफारिस गर्नेछ ।

सर्वोच्च, उच्च र जिल्ला अदालतमा न्यायाधीश रिक्त रहेका छन्। सर्वोच्च अदालतमा मात्रै चार जना न्यायाधीशको पद रिक्त छ ।

सर्वोच्चमा करिब साढे २५ हजार मुद्दा विचाराधीन छन् ।

यो वर्ष सर्वोच्च अदालतमा करिव ४१ हजार मुद्दा दर्ता भएका थिए। सर्वोच्चमा सोझै दर्ता भएका रिट निवेदन, उच्च अदालतको फैसलामाथि परेका पुनरावेदन, निवेदन/प्रतिवेदनलगायतको संख्या बर्सेनि बढ्दो छ ।

सर्वोच्चका न्यायाधीशहरुले पछिल्लो एक दशकको अवधिमा फैसला गर्ने क्षमता झण्डै तेब्बरले बढाए पनि विचाराधीन मुद्दाको संख्या घट्न सकेको छैन । अझ न्यायाधीश रिक्त हुँदा समस्या हुने गरेको छ ।

## निरोगी...

पाउने मौलिक हक हो । मौलिक हक कार्यान्वयनका लागि सरकारले आवश्यक पहल नगरेको भनेर आलोचना समेत हुने गरेको छ ।

तर, सरकारी अधिकारीहरु यसका लागि सरकारले स्वास्थ्य कोष स्थापना गर्ने लक्ष्य रोखको र कोषमा सरकारले 'जनस्वास्थ्यलाई प्रभाव पार्ने वस्तु, उत्पादन तथा क्रियाकलाप नियन्त्रणका लागि लगाइने करबाट संकलित रकम' जम्मा गर्ने योजना बनाएको बताउँछन् ।

संविधानको धारा ३५ मा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा नि:शुल्क प्राप्त गर्ने हक हुने व्यवस्था छ । कसैलाई पनि आकस्मिक सेवाबाट वञ्चित नगरिने पनि संविधानमा उल्लेख छ ।

UAE मा रोजगार | कम्पनी: LSPMK TECHNICAL SERVICES LLC
शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०१/०२ चलानी नं.: ६०२१८३५० L.T. No.:303483 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Concrete Mason/carpenter | 30 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,६६८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Furniture Carpenter | 5 | 0 | | 1200 | ४३,६६८ | | | | | | | |
| 3. | Mason Tiles | 5 | 0 | | 1200 | ४३,६६८ | | | | | | | |
| 4. | Shuttering Carpenter | 30 | 0 | | 1200 | ४३,६६८ | | | | | | | |
| 5. | Steel Fixer | 30 | 0 | | 1200 | ४३,६६८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ साउन २३ गते (7 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

BROTHER RECRUITMENT
श्रम इजाजत पत्र नं.: १६३९/०८०/०८१
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११

यूएईमा वैदेशिक रोजगारको अवसर
कम्पनी : TIRHAL EMPLOYMENT L.L.C शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/०४/१५ चलानी नं.: ६०२२२८८८ LT. No.: 308016

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Carpenter General | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४७,३०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | demolition Of Building Labour | 150 | 0 | | 1100 | ४०,०२५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ साउन २३ गते (7 August 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

EAGLE MANPOWER CONSULTANT PVT. LTD.
वैदेशिक यात्राको भरपर्दो साथी
Head Office Location : Chakrapath, Kathmandu, Nepal
Head Office. : 01-5912955 Pokhara Branch : 061-591567,Butwal Branch: 071-533111
marketing@eaglemanpower.com.np www.eaglemanpower.com.np
License No.: 1606/079/080

"कृषि, पर्यटन र पूर्वाधारको दीगोपन: समृद्ध, सुसंस्कृत शहिद लखन"

Shahid Lakhan Rural Municipality
Office of the Rural Municipal Executive
Ghairung Gorkha
Gandaki Province

Invitation For Bids

Date of publication: 2081-04-16 BS

1. Shahid Lakhan Rural Municipality invites electronic bid from national eligible bidders for Item Rate Contract of the following goods:

| S N | Contract No: | Brief Description of Works Title | Estimate Amount | Bid Security Amount in (NRS) | Last Date & Time of Bid Submission | Bid Opening Date and time | Bid Validity Period after bid opening | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|---|---|
| 1 | SLRM/GO/ MEDICINE/ SQ/081/082/01 | Procurement & Supply of Medicine and Surgical Materials | 25,70,989.63 | 65,000 | 2081/04/31BS) Up to 12:00hr | 2081/04/31 BS,13:00hr | 75days | 3000 |

2. Tender Procedures shall follow Public Procurement Act (1st Amendment, 2073) and Public Procurement Regulation (13th Amendment, 2080).
3. For further information, please refer to the PPMO's website.Any amendment in the notice or bid documents will be posted in website www.shahidlakhanmun.gov.np, notice board of this office and PPMO's website www.bolpatra.gov.np/egp.

Chief Administrative Officer

# अब वाम एकताको सम्भावना छैन : शंकर पोखरेल

**सपना बोहरा/मध्यान्ह**
दाङ, १५ साउन




नेकपा एमालेका महासचिव शंकर पोखरेलले अब वाम एकताको सम्भावना नरहेको बताएका छन् । प्रेस चौतारी दाङले मंगलबार घोराहीमा आयोजना गरेको पत्रकार सम्मेलनमा महासचिव पोखरेलले भने, 'वाम एकताको कथा असफल भइसकेको छ, अब त्यो कथा दोहोऱ्याइँदैन ।'

वाम एकताभन्दा कम्युनिष्ट विचारको एकता गर्न सकिने उनले बताए । 'नेताको टाउको जोडेर गरिने एकता दिगो हुँदैन', पोखरेलले भने । अब कार्यकर्ताको मन जोडेर राजनीतिक ध्रुवीकरणमा जानुपर्नेमा उनले जोड दिए ।

साना राजनीतिक दलहरूले अनावश्यक बार्गेनिङ गर्दा अस्थिर राजनीति सिर्जना भएको उनले दाबी गरे । 'साना राजनीतिक दल बार्गेनिङ गर्दै सत्तामा पुग्छन्', महासचिव पोखरेलले भने, 'सत्ता सञ्चालनको क्रममा फेरि अर्को बार्गेनिङ गर्न थाल्छन् ।'

राजनीतिक अस्थिरताका कारण लोकतन्त्रमाथि नै प्रश्न उठ्न थालेपछि कांग्रेससँग सहकार्य गर्नु परेको उनको भनाइ थियो । 'लोकतन्त्रको स्थायित्वका लागि एमाले र कांग्रेस मिल्नुपरेको छ,' उनले भने । महासचिव पोखरेलले राष्ट्रिय दल बन्न ३ प्रतिशत मात्रै थ्रेसहोल्ड मत आवश्यक पर्ने संवैधानिक व्यवस्था भएकाले पनि अस्थिरता बढेको बताए । त्यसका लागि थ्रेसहोल्डको प्रतिशत बढाउन संविधान संशोधन गर्नुपर्ने उनले बताए ।

रौतहट प्रहरीको वार्षिक प्रगति

# २३ हजार बढीले लिए सेवा, ४ करोड ९१ लाख राजस्व संकलन




**ओमप्रकाश यादव/मध्यान्ह**
रौतहट, १५ साउन

जिल्ला प्रहरी कार्यालय गौर रौतहटले एक वर्षको अवधिमा गरेको कार्यको प्रगति विवरण सार्वजनिक गरेको छ । कार्यालयले आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन गरिएको मुख्य-मुख्य कार्यको प्रगति विवरण सार्वजनिक गरेको हो ।

सार्वजनिक गरिएको प्रगति विवरणअनुसार एक वर्षमा विभिन्न कसुर र अपराधका गरी १ हजारभन्दा बढी मुद्दा दर्ता भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । चोरी, तस्करी, हत्या, हिंसा, बलात्कार, लागुऔषध, जाली नोटको कारोबार, हुण्डी कारोबारलगाएत गरी २०८० साल साउनदेखि २०८१ साल असार मसान्तसम्म कूल १ हजार ७७ मुद्दा दर्ता भएकोमा ६ सय ५२ मुद्दा फर्छ्यौट भइसकेको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक (एसपी) दीलिप घिमिरेले जानकारी दिए ।

सो अवधिमा विभिन्न अपराधमा संलगन ७ सय १५ जनालाई पक्राउ गरिएको प्रहरी उपरीक्षक घिमिरेले बताए । फैसला कार्यान्वयन गर्दा पक्राउ परेकामध्ये ६ सय ८८ जनामाथि मुद्दा दर्ता गरी कारबाही गरिएको उनले बताए । उनीहरुलाई १ सय ७ वर्ष ५ महिना २१ दिन कैद सजाय र ३८ लाख ४८ हजार ७ सय ७८ रुपैयाँ जरिवाना गरिएको प्रहरीले सार्वजनिक गरेको विवरणमा उल्लेख छ ।

त्यस्तै स्रोत नखुलेको रकमसहित ६ जनालाई पक्राउ गरिएको र उनीहरुबाट ३० लाख ६५ हजार ६ सय ६० रुपैयाँ बरामद गरिएको छ । भन्सार छलेर भारतबाट विभिन्न मालसामानको तस्करी गर्दै गरेको अवस्थामा मोटरसाइकल, बोलेरो, ट्रक, टेम्पो, कार, स्कुटर र साइकल गरी १ सय ४१ वटा सवारी साधन नियन्त्रणमा लिइएको र सोक्रममा ४४ जनालाई पक्राउ गरिएको विवरणमा उल्लेख छ ।

विभिन्न मुद्दा र कसुरमा पक्राउ परेकाहरुमाथि कारबाही गर्दा एक वर्षमा ४ करोड ९१ लाख ९३ हजार ४ सय ५६ रुपैयाँ राजस्व संकलन गरिएको जिल्ला प्रहरी कार्यालय गौरले जनाएको छ । त्यस्तै जिल्लाभरका प्रहरी कार्यालयहरुबाट एक वर्षको अवधिमा २३ हजार ५ सय ६९ जना सेवाग्राहीलाई सेवा प्रदान गरिएको छ ।

सो क्रममा ५ हजार १७ उजुरी तथा ठाडो निवेदन दर्ता भएको र त्यसमध्ये ४ हजार २ सय फर्छ्यौट भइसकेको छ । मिटरब्याजसम्बन्धी १ हजार ५ सय ७५ उजुरी परेकोमा ४८ वटा मात्र फर्छ्यौट भएको जिल्ला प्रहरी कार्यालय गौरको प्रगति विवरणमा उल्लेख छ । जघन्य अपराधतर्फ विभिन्न १३ वटा मुद्दामा सफल अनुसन्धान गरी दोषी अर्थात अपराधीलाई पक्राउ गरी कारबाहीको दायरामा ल्याइएको जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक डएसपी एलिजा गिरीले जानकारी दिइन् ।

# सैनिक मूल्य मान्यतालाई अक्षुण्ण राख्नुहोला : प्रधानसेनापति



**काठमाडौं/मस–** प्रधानसेनापति प्रभुराम शार्माले सैनिक मूल्य मान्यतालाई अक्षुण्ण राख्दै भरोसायोग्य र प्रभावकारी संगठनकारूपमा स्थापित नेपाली सेनाले भावी नेतृत्वलाई सहयोग पुऱ्याउनुपर्ने बताएका छन् ।

तीनवर्षे कार्यकालको उत्तरार्धमा पृतनापतिहरूलाई 'भर्चुअल' माध्यममार्फत सम्बोधन गर्दै उनले सेनालाई संविधान र सरकारबाट प्राप्त जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरेकामा सकलदर्जालाई समेत धन्यवाद ज्ञापन गरे ।

प्रधानसेनापति शर्माले भने,'व्यक्ति केन्द्रीत आकस्मिक योजनाभन्दा वस्तुगत अन्तरक्रिया, तार्किक बहस र विस्तृत पुष्ट्याइँसहित सामूहिक योजनाले हाम्रा बझाइ र गराइमा प्राथमिकता पाउनुपर्छ ।' उनले नेपाली सेना सम्पूर्ण नेपाली जनताको आड र भरोसाको धरोहर रहेको तथ्यलाई ध्यान दिइ सदैव राष्ट्रिय सुरक्षा र राष्ट्रहित अनुरूप असरदा कार्य गर्न निर्देशन दिए ।

प्रधानसेनापतिले मनसुनका कारण देशका विभिन्न स्थानमा गएको बाढी, पहिरोमा सकलदर्जाले पुऱ्याएको योगदानका लागि धन्यवाद व्यक्त गर्दै उच्च हौसलाका साथ विपद् प्रतिकार्यमा लागि रहन सुझाव दिए ।

बलाधिकृत रथी अशोकराज सिग्देल युद्धकार्य विभागका निमित्त विभागीय प्रमुखलगायत रथीबृन्दको उपस्थिति रहेको कार्यक्रममा पृतनापतिले विद्यमान विपद् प्रतिकार्यमा फौजको परिचालनलगायत समसामयिक विषयमा प्रस्तुतीकरणमार्फत जानकारी गराएका सैनिक जनसम्पर्क तथा सूचना निर्देशनालयले जनाएको छ ।

# बागमतीका मुख्यमन्त्रीले पाए विश्वासको मत



**राजकुमार के.सी./मध्यान्ह**
मकवानपुर, १५ साउन

बागमती प्रदेशका पाँचौं मुख्यमन्त्री बहादुर सिंह लामाले विश्वासको मत पाएका छन् । मंगलबार बसेको प्रदेशसभा बैठकमा विश्वासको मत सम्बन्धी प्रस्ताव पेश गरेका मुख्यमन्त्री लामाको पक्षमा ६४ मत प्राप्त भएको थियो । कुल ११० सदस्य रहेको बागमती प्रदेश सभामा सरकारलाई बहुमत पुग्न ५६ सांसदको समर्थन आवश्यक हुन्छ ।

जसमा लामाले ६४ जना प्रदेश सभा सदस्यको मत प्राप्त गरेका छन् । मुख्यमन्त्री लामालाई नेपाली कांग्रेसका ३७ र नेकपा एमालेका २७ जना प्रदेश सभा सदस्यले मत दिएका थिए ।

प्रदेशसभा बैठकमा उपस्थित १०३ सदस्यमध्ये मुख्यमन्त्री लामाको विपक्षमा ३५ मत रह्यो भने ३ मत तटस्थ रहेको थियो ।

जसमा प्रमुख प्रतिपक्ष दलको भूमिकामा रहेको नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र राप्रपाले विश्वासको मतको विपक्षमा मतदान गरेका थिए भने नेमकिपाका संसद तथस्ट बसेका थिए ।

प्रदेश सभामा दुई सदस्य रहेको हाम्रो नेपाली पार्टी (हानेपा) का २ सहित ७ सांसदहरु बैठकमा उपस्थित भएनन् ।

नेपाली कांग्रेस र नेकपा एमालेको गठबन्धनबाट बागमती प्रदेशको मुख्यमन्त्री नियुक्त भएका बहादुर सिंह लामाले साउन १२ मा सरकारलाई पूर्णता दिएका थिए । मुख्यमन्त्री लामाले १३ मन्त्रालयमा १४ मन्त्री नियुक्त गरेका छन् । मुख्यमन्त्री नियुक्त भएको ३० दिनभित्र प्रदेश सभाबाट विश्वासको मत लिनुपर्ने संवैधानिक व्यवस्था अनुसार विश्वासको मुख्यमन्त्री लामाले मत लिएका हुन् ।

# जनसार्क समन्वय मञ्चको अध्यक्षमा विसी चयन



**काठमाडौं/मस–** जनसार्क समन्वय मञ्च नेपालको सभापतिमा हरिबहादुर विसी चयन भएका छन् । साप नेपाल बबरमहल काठमाडौंमा भएको आठौं वार्षिक साधारण सभाले सभापतिमा हरिबहादुर विसीलाई सर्वसहमत चयन गरेको हो ।

साधारण सभाले वरिष्ठ समाजसेवी तथा पूर्व प्रशासक विसीको अध्यक्षतामा ११ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ । मञ्चको उपसभापतिमा उमा तिमल्सिनार मरहट्टा, महासचिव भरत ढकाल, कोषाध्यक्ष दिनदया रिजाल, सचिव तथा प्रवक्तामा विजया खनाल र अन्तर्राष्ट्रिय सचिवमा डा.धर्मेन्द्र यादव निर्वाचित भएका छन् ।

त्यसैगरी सदस्यमा रामेश्वर घिमिरे, कमलबाबु परियार, नरबहादुर लिम्बू, बालकृष्ण प्रसाद र निना रिजाल चयन भएका छन् ।

साधारण सभाले ९ सदस्यीय सल्लाहकार चयन गरेको छ । सल्लाहकारमा डा.भरत बडाल, देवराज ढकाल, उदय के.सी., कृष्णप्रसाद घिमिरे, प्रभुमन चौधरी, मिलन वि.क.,देवी खड्का, कालीबहादुर विश्वकर्मा र तुल्सिप्रसाद तिमल्सिनालाई चयन गरेको छ ।

साधारण सभाले सार्क राष्ट्रमा पर्यटन र पर्यावरण विषयमा विभिन्न कार्यक्रम गर्ने निर्णय गरेको छ ।

मञ्च अध्यक्ष विसीले सार्क राष्ट्रहरुमा पर्यटन सम्बन्धी विभिन्न कार्यक्रम गरी सार्क राष्ट्रबाट धेरै भन्दा धेरै पर्यटन नेपाल भित्र्याउने लक्ष्य रहेको बताए । उनले दक्षिण एसियाली राष्ट्रका समुदायबीच सुमधुर सम्बन्ध कायम गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा विभिन्न कार्यक्रम आयोजना गर्ने योजना रहेको बताएका छन् ।

# भन्सार छलीका सामान बुझाइयो

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १५ साउन



रौतहटको विभिन्न नाकाबाट राजस्व छली भित्र्याइएको सामानहरु बरामद गरी प्रहरीले भन्सार कार्यालयमा बुझाएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटले प्रेस विज्ञप्ति जारी गर्दै पछिल्लो विभिन्न मितिमा राजस्व छलेर नेपाल भित्र्याइएका ९ लाख १७ हजार भन्दा बढीको सामानहरु बरामद गरेको जनाएको छ ।

भन्सार छलेर भारतीय बजारबाट नेपाल भित्र्याइएका लत्ताकपडा, किराना सामग्री, स्रोत खुल्न नसकेको नोट, सौफी मदिरासहित बाइक गरेर ९ लाख १७ हजार ८ सय ४५ रुपैयाँ मूल्य बराबरको मालसामानहरु नियन्त्रणमा लिइ आवश्यक कारबाहीका लागि गौर भन्सार कार्यालयमा दाखिला गराइएको प्रहरी प्रवक्ता एवं डिएसपी एलिजा गिरीले जानकारी दिइन् ।

# नास्पतीले पाएन बजार



**गोरखा/मस–** गोरखाको सिरान्चोक गाउँपालिका-५ का किसान नास्पतीले बजार नपाउँदा चिन्तित भएका छन् । सिरान्चोक गाउँपालिका-५ का किसानको करेसामा १ हजार बोटमा अनुमानित एक हजार क्विन्टल बढी नास्पती फलेका छन् । तर उचित बजार तथा थोक खरिदकर्ताको अभावले नास्पती कुहिने जोखिम बढेको स्थानीय बताउँछन् ।

ग्रामीण भेगाका किसानको करेसामा उत्पादन हुने अर्गानिक मौसमी फलफूल खुर्पानी, आल्चा, अमिलो, आरु र आँपलाई स्थानीय सरकारले चिस्यान केन्द्र खोलेर भण्डारण गर्न सके र बजार व्यवस्थापन गरिदिनसके युवाहरूलाई विदेश पलायन हुनबाट रोक्न सकिने स्थानीयहरुको भनाइ छ ।

गाउँघरमा उत्पादन हुने कागती, लसुन, अदुवा, हलेदोजस्ता नगदे बालीले उचित बजार भाउ पाउने हो भने पनि ग्रामीण भेगका किसानलाई कृषिकर्ममा प्रोत्साहन मिल्ने स्थानीय कृषकहरु बताउँछन् । गत वर्ष अलैंचीले बजार नपाउँदा गोरखाका स्थानीय कृषकहरु मारमा परेका थिए ।


## UAE मा रोजगार — Sewak Technical Services LLC

पुनः विज्ञापन । पूर्व स्वीकृती मितिः २०८१/०२/०१ चलानी नं. ६०२१९५३८ LT.No. 304773

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED. | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Mason | 5 | 00 | काममा दक्ष | 1200 | ४३,६४४।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| २. | Carpenter | 3 | 00 | | 1200 | ४३,६४४।- | | | | | | | |
| ३. | Electrician | 1 | 00 | | 1200 | ४३,६४४।- | | | | | | | |
| ४. | Steel Fixer | 1 | 00 | | 1200 | ४३,६४४।- | | | | | | | |
| ५. | Ac Technician | 2 | 00 | | 1200 | ४३,६४४।- | | | | | | | |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | रु १०,०००/- |

अन्तरवार्ता २०८१ श्रावण २३ गते (7 Aug, 2024) गते यस प्रा. लि. को कार्यालय सिनामंगलमा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**पावर हाउस ओभरसिज कन्सर्न प्रा. लि.**
सिनामंगल-९, एयरपोर्ट, काठमाडौं, फोन : ४४६९७१०
श्रम ईजाजत नं.: ७४१/०६४/०६५

## बहराइनमा वैदेशिक रोजगारको अवसर

कम्पनीः NASS CONTRACTING CO शहरः BAHRAIN
पूर्व स्वीकृत मितिः २०८१/०४/१५ चलानी नं.: ६०२२२८५५ LT. No.: 308167

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Driver | 70 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ५३,१९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Operator | 30 | 0 | | 150 | ५३,१९० | | | | | | | |

प्रि अन्तर्वार्ता भइरहेको छ ।
अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौमा मिति २०८१ साउन २३ गते (7 August 2024) मा हुनेछ ।

साथै यसै कम्पनीको लागि Scaffolder, Riggers with TUV / VELOSI /ANY 3rd PARTY, Asphalt Roller Operator, Road Making Operators, Paver and Milling Machine Operators, Reck-men, Steel Roller Operators, Asphalt Foreman, PTR Operators, BobCat Operators, Screw Man, MOBILE CRANE Operator 50 to 100 Ton and Pipe Fitters. को पनि आवश्यकता भएको हुनाले इच्छुक व्यक्तिहरूले निःशुल्क परामर्शको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**AMBE INTERNATIONAL H.R. NEPAL PVT. LTD.**
साविकको नाम : (GLOBAL MANPOWER SOLUTIONS PVT. LTD.)
P.O. Box:3355 | Samakhushi, Kathmandu, Nepal
Email: ambeintnepal@gmail.com
Phone : +977 01 5904717 | 9767232692 | 9823904717 | 9823904718, 9823904719
Govt. Lic. No.: 1645/080/081

## कतारमा बैदेशिक रोजगारको अवसर

कम्पनी : TEA BLOCK CAFETERIA शहरः Qatar, Doha
पूर्व स्वीकृती मिति : २०८१/०४/१५ चलानी नं. ६०२२२८७० LT No. 308175

| सि. नं. | कामदारको पद | माग संख्या (पुरुष) | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Cooker | 1 | काममा दक्ष | 1500 | ५५,०६० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |
| २. | General Clean Worker | 2 | | 1000 | ३६,७०० | | | | | | | |
| ३. | Sandwitch Maker | 1 | | 1500 | ५५,०६० | | | | | | | |
| ४. | Waiter | 4 | | 1400 | ५१,३८० | | | | | | | |
| ५. | Juice Maker | 1 | | 1600 | ५८,७२० | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गरिने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कसले व्यहोर्ने | कुल लागत खर्च |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | कम्पनीले | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले दिने | कामदार आफैले | रु ७००/- कामदार आफैले | रु १५००/- कामदार आफैले | निःशुल्क | निःशुल्क |

अन्तरवार्ता म्यानपावरको कार्यालय काठमाडौँमा २०८१ साउन २३ गते (7 Aug, 2024) मा हुनेछ ।

बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई सेवा शुल्क बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसग राख्नुहोला । ६) काममा विदेश जादा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे श्रम तथा रोजगार प्रवर्द्धन विभाग ताहाचल, काठमाडौंमा सम्पर्क राख्नुहोला ।

**Empire International Pvt. Ltd.**
Shantinagar, Kathmandu, Nepal
Phone No.: 01- 4621348,4620715
E-mail: jobs@empirenpl.com.np
Lic. No. 695/063/064





मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१६ साउन २०८१, बुधबार
31 July 2024, Wednesday

## सम्पादकीय

# आधार भुलेर निर्देशन

प्रधानमन्त्री केपी शर्मा ओलीले मंगलबार सिंहदरबारमा एक कार्यक्रम राखेर मन्त्रालयका सचिवहरूलाई लामै निर्देशन दिए । मन्त्रीहरू समेत सहभागी गराएर मुख्यसचिव र सचिवहरूलाई फास्ट ट्र्याकमा काम गर्न प्रधानमन्त्रीले निर्देशन दिए । त्यस क्रममा ओलीले सेवा प्रवाहमा चुस्तता, विकास निर्माणमा रफ्तार र सुशासनमा खरो उत्रन निर्देशन दिएका थिए । ब्यापक संख्यामा सचिवहरूको सरूवा गरेर निर्देशन दिन उपस्थित प्रधानमन्त्री ओलीको कतिपय सम्बोधन भने पुरानो थियो । एक अर्थमा ती सम्बोधनहरू विगतमा ओलीलाई विवादित बनाउने विषय हुन् । तर प्रधानमन्त्री ओलीले कुनै वास्ता नगरी धरहरा, पानी जहाज, रेल जस्ता परियोजनाहरूलाई नगरी नहुने सूचीमा राखे । यी तीन वटै परियोजनाले ओली विगतमा विवादित बनेका थिए ।

